# सरस्वती टीकाको वार्षिकोत्सव



आदर्श समाज

पोखरा, १८ भदौ

पोखरा महानगरपालिका ३३ बागमारास्थित सरस्वती टीका माध्यमिक विद्यालयको ६१ औं वार्षिकोत्सव शनिबार भएको छ । कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले गुणस्तरीय शिक्षा बर्तमानको आवश्यकता भएको बताउँदै शिक्षाको गुणस्तरीयता अभिबृद्धिका लागि महानगरका तर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । उनले सरस्वती टीका माध्यमिक विद्यालयको प्राविधिक धारलाई नजिकैको अर्को विद्यालय मर्ज गरी त्यसमा चलाउन सुझाव दिए । पोखरा महानगरपालिका शैक्षिक प्रशासन महाशाखाका वरिष्ठ शिक्षा अधिकृत सोमनाथ भण्डारीले शिक्षामा सबैको पहुँच स्थापित भैसकेको बर्तमान अवस्थामा राज्यको आवश्यकता अनुसारको दक्ष जनशक्ति तयार गर्ने शिक्षाको विकल्प नभएको बताए । विद्यालयका प्रधानाध्यापक सूर्यराज अधिकारीले विद्यालयका गतिविधि र भावी योजना प्रस्तुत गरेको उक्त समारोहमा स्वर्गीय पत्रकार जगन्नाथ पैडेल गणेशको स्मृतिमा परिवारका तर्फबाट ५० हजार रुपैयाँको अक्षयकोष, पूर्व होमनाथ आचार्यले आफ्ना दिवंगत मातापिता तथा सासुससुराको स्मृतिमा परिवारकातर्फबाट विद्यालयमा १ लाखको अक्षयकोष स्थापना गरिएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लालुप्रसाद पराजुलीको अध्यक्ष्यतामा सम्पन्न कार्यक्रममा शिक्षक अभिभावक संघका अध्यक्ष गणेशप्रसाद ढकालले समयको माग एवं अभिभावकको अपेक्षा अनुरुप अघि बढ्ने बताए । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सल्लाहकारहरू यज्ञप्रसाद अधिकारीले दक्ष जनशक्ति तयार गर्ने किसिमको गुणस्तरीय शिक्षामा जोड दिनुपर्नेमा जोड दिए । विद्यालयका शिक्षक श्रीधर आचार्यले सञ्चालन गरेको कार्यक्रममा विद्यालयका विद्यार्थीबाट नृत्य सहितका सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिनुका साथै विभिन्न कक्षामा उत्कृष्ट तथा जेहेन्दार विद्यार्थीलाई पुरस्कृत गरिएको थियो । विद्यालयका उत्कृष्ट अध्यापन गराउने शिक्षकलाई पनि सम्मान तथा गतवर्ष सेवाबाट अवकाश पाएका शिक्षकलाई विदाई गरिएको थियो ।

# मध्यपहाडीले ३ सय घरधुरी उठिवास !

**पोखरा, १८ भदौ (आदर्श समाज)-** पुष्पलाल मध्यपहाडी राजमार्गको पोखरा १६/१९ को रेखांकन परिवर्तन गर्नुपर्ने मागसहित आन्दोलन गरिरहेको पुष्पलाल मध्यपहाडी राजमार्ग आयोजना पिडित संर्घष समितिले गण्डकी प्रदेशका मुखयमन्त्री सुरेन्द्रराज पाण्डे समक्ष ज्ञापनपत्र पेस गरेको छ । पटक-पटक आन्दोलन गर्दा पनि आफ्ना मागमा सुनुवाई नभएको भन्दै मुख्यमन्त्रीको ध्यानाकर्षण गरिएको समितिका अध्यक्ष गोविन्दबहादुर बस्नेतले बताए । ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री पाण्डेले पीडितका मागप्रति आफू सकारात्मक रहेको र मागका विषयमा केन्द्र सरकारसँग कुरा राख्ने बताए । समिति अध्यक्ष बस्नेतले सोही रेखांकन अनुरुप काम सुरु भएमा पोखरा १६ र १९का करिब ३ सय घरधुरी उठिवास लाग्ने, प्राकृतिक गुफाको रुपमा विश्वभर परिचित महेन्द्र र चमेरे गुफा संकटमा पर्ने तथा सरकारी र निजी विद्यालय नै मासिने स्पष्ट पारे । ज्ञापनपत्रमा पोखरा १६/१९ को गलत रेखांकन हटाउने काम गरी विकल्पको व्यवस्थापनतर्फ लगिएमा लामो समयदेखि अनाहकमा मानसिक पीडा खेप्दै संघर्षरत स्थानीय पीडितहरुले न्याय पाउने र पीडामुक्त हुने तथा यो क्षेत्रका विविध राष्ट्रिय सम्पदाको दिगो संरक्षणको सुनिश्चितता हुने भनिएको छ । पीडितहरुले यसअघि वडा कार्यालय घेराउ तथा तालाबन्दी, महानगर घेराउ लगायत विभिन्न कार्यक्रम गरिसकेका छन् ।


## एउटै व्यक्ति भएको सूचना



जिल्ला रुपन्देही देवदह नगरपालिका वडा नं. ६ बस्ने भारत सरकारको भू.पू. सैनिक नं. ५२४१४४७ एल दर्जा हवल्दार पेन्सनर पतिराम गुरुङको पत्नी हिरमाया गुरुङले प्राप्त गरेको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर हिरमाया गुरुङ (Hir Maya Gurung) उल्लेख भएको र पतिको भारतीय पेन्सन अभिलेखमा नामथर हिरा माया गुरुङ (Hira Maya Gurung) लेखाउन गई उल्लेखित नामथर फरक पर्न गएता पनि उल्लेखित फरक नामथर भएको व्यक्ति फरह नभई एउटै भएको व्यहोरा प्रमाणित गरी पाउँ भनी रिखिराम गौतमले यस कार्यालयमा निवेदन पेश गर्नुभएकोमा सम्बन्धित देवदह नगरपालिका-६, नं. वडा कार्यालयको च.नं. १०३ मिति २०८०/०४/२४ को सिफारिस पत्रबाट लेखी आएकोले व्यहोरा सूचित गरिन्छ ।


# एलएमा युवा रेडक्रस सर्कल



**पोखरा, १८ भदौ (आदर्श समाज)-** लक्ष्मी आवासीय मावि पोखरा ८ न्युरोडमा युवा रेडक्रस सर्कल गठन गरिएको छ । विद्यालयका कक्षा ६ देखि कक्षा १० सम्मका विद्यार्थीको भेलाले कक्षा ९ की छात्रा स्वस्तिका चौधरीको अध्यक्षतामा १३ सदस्यीय सर्कल गठन गरिएको हो । सर्कलको उपाध्यक्ष अनुष्का सुवेदी, सचिव सृष्टि आचार्य, कोषाध्यक्ष सम्राट परियार, सहकोषाध्यक्ष रिजन क्षत्री चयन भए । सदस्यहरू प्रकृति ठकुरी, सुजिता धोवी, आर्सन अधिकारी, साहिल बानिया, र आदित्य गौतम छन् ।

शिक्षक नायक किरण परियार र शिक्षक सहनायक रीता श्रेष्ठ चयन गरिएको विद्यालयका प्रधानाध्यापक तथा सर्कलका संरक्षक डा.विश्व युधीर पौडेलले जानकारी दिए ।

विद्यालयका प्राचार्य डा.विश्व युधिर पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्कीका सदस्य तथा युवा रेडक्रस सर्कल कास्कीका संयोजक रेशमराज शर्मा प्रमुख अतिथि थिए । शिक्षक तथा अतिरिक्त कार्यक्रम संयोजक हेमराज शर्मा रेग्मीले कार्यक्रम सञ्चालन गरेका थिए ।


## साधारण सभा तथा अधिवेशन सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८०/०५/१८)

सञ्चय बहुद्देश्यीय सहकारी संस्था लिमिटेडको २४ औं साधारण सभा तथा सातौं अधिवेशन यही मिति २०८०/०५/३० गते सम्पन्न हुन गइरहेको र उक्त अधिवेशनबाट नयाँ सञ्चालक समिति लेखा सुपरिवेक्षण समिति समेतको चयन गरिने कार्यक्रम रहेको हुँदा सम्पूर्ण शेयर सदस्यहरुको जानाकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निर्वाचन सम्बन्धी सबै कार्यक्रमहरु संस्थाको कार्यालय परिसर भित्र टाँस गरिने व्यहोरा पनि जानकारी गराइन्छ । निर्वाचन कार्य तालिका निम्नानुसार रहेको छ ।

| क्र.सं. | विवरण | मिति | समय |
|---|---|---|---|
| १. | मतदाता नामावली प्रकाशन | २०८०/०५/१८ | दिवा - ११:३० बजेसम्म |
| २. | मतदाता नामवलीउपर दाबी विरोध | २०८०/०५/१९ | दिवा - ३:०० बजेसम्म |
| ३. | मतदाता नामवलीउपर दाबी विरोध छानविन गरी अन्तिम नामवली प्रकाशन | २०८०/०५/२० | दिवा २:०० बजेसम्म |
| ४. | उम्मेदवारको मनोनयनपत्र वितरण | २०८०/०५/२० | दिवा ३:०० बजेदेखि |
| ५. | उम्मेदवारको मनोनयन दर्ता | २०८०/०५/२१ गते बिहान १०:३० देखि २०८०/०५/२२ गते दिवा ५:०० बजेसम्म | |
| ६. | उम्मेदवारको नामावली प्रकाशन | २०८०/०५/२३ | बिहान ११:३० बजेसम्म |
| ७. | उम्मेदवारी उपर दाबी विरोध | २०८०/०५/२४ | बिहान १२:३० देखि ३:०० बजेसम्म । |
| ८. | दावी विरोध उपर छानविन गरी अन्तिम नामावली प्रकाशन | २०८०/०५/२४ | दिवा ५:३० बजेसम्म । |
| ९. | उम्मेदवारले मनोनयन फिर्ता लिने | २०८०/०५/२५ गते बिहान १०:३० देखि २०८०/०५/२६ गते दिवा ३:०० बजेसम्म । | |
| १०. | उम्मदेवारको अन्तिम नामावली प्रकाशन | २०८०/०५/२६ | दिवा ४:३० बजेसम्म । |
| ११. | निर्वाचन (मतदान) प्रक्रिया | २०८०/०५/३० | दिवा २:०० देखि ६:०० बजे सम्म । |

**निर्वाचन समिति**

**सञ्चय बहुद्देश्यीय सहकारी संस्था लिमिटेड**

**पोखरा-८, सृजनाचोक, कास्की**



## एउटै व्यक्ति भएको सूचना




प्रस्तुत विषयमा यस जिल्ला स्थित साविक पाखापानी गा.वि.स. वडा नं. ४ हाल महाशिला गाउँपालिका वडा नं. ४, बस्ने भारतीय भू.पू. सैनिक नं. ५८४७९६३ N का NK कृष्ण बहादुर शाहीको श्रीमती केशर कुमारी शाहीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर केशर कुमारी शाही उल्लेख भएको र निजको श्रीमान्को भारतीय सैनिक अभिलेखमा नामथर केशर कुमारी ठाकुर उल्लेख भई नामथर फरक भएता पनि दुई नामथर भएको व्यक्ति एउटै भएको महाशिला गाउँपालिका ४ नं. वडा कार्यालयको च.नं. १०७ मिति २०८०/०४/३० को पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि सूचित गरिन्छ ।



## एउटै व्यक्ति भएको सूचना





प्रस्तुत विषयमा यस जिल्ला स्थित साविक पाखापानी गा.वि.स. वडा नं. ४ हाल महाशिला गाउँपालिका वडा नं. ४, बस्ने भारतीय भू.पू. सैनिक नं. ५८४७९६३ N का NK कृष्ण बहादुर शाहीको छोरा मनित शाही र छोरी ममता शाहीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर मनित शाही र ममता शाही उल्लेख भएको र निजको बाबुको भारतीय सैनिक अभिलेखमा नामथर मनित ठाकुर र ममता ठाकुर उल्लेख भई नामथर फरक भएता पनि दुई नामथर भएको व्यक्ति एउटै भएको महाशिला गाउँपालिका ४ नं. वडा कार्यालयको च.नं. १०७ मिति २०८०/०४/३० को पत्राबाट सिफारिस भई आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि सूचित गरिन्छ ।



**मादी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**थुमाकोडाँडा, कास्की**

**गण्डकी प्रदेश, नेपाल**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/०५/१८

मादी गाउँपालिका कार्यालय तथा अन्तर्गतका संस्थाहरुको लागि आवश्यक तपशिल बमोजिमका पदहरुमा सेवा करारबाट पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुलाई तोकिएको समयभित्र दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| क्र.सं. | विज्ञापन नं. | पद | सेवा | समूह | माग संख्या | परीक्षाको किसिम | परीक्षा मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १. | ४/२०८०-०८१ | मेडिकल अफिसर | स्वास्थ्य | ज.हे.स. (आठौं) | १(एक) | लिखित/अन्तर्वार्ता | सम्पर्क मितिमा तोकिने छ । |
| २. | ५/२०८०-०८१ | रोजगार संयोजक | - | अधिकृत (छैटौं) | १(एक) | प्रारम्भिक सूची/लिखित/प्रयोगात्मक | सम्पर्क मितिमा तोकिने छ । |
| ३. | ६/२०८०-०८१ | ल्याव असिष्टेन्ट | स्वास्थ्य | मे.ल्या.टे (चौथों) | १ (एक) | लिखित/अन्तर्वार्ता | सम्पर्क मितिमा तोकिने छ । |

**१. आवश्यक न्यूनत्तम शैक्षिक योग्यता:**

क) क्र.स. १ को पदको हकमा मान्यताप्राप्त शिक्षण सस्थाबाट एमबिबि एस (MBBS) उत्तीर्ण गरी सम्बन्धित काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरेको ।

ख) क्र.स. १ को पदको हकमा नेपाल सरकारको मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको, कम्तीमा ३ महिने आवश्यक कम्प्युटर सिप भएको ।

२. उमेर: २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ । (क्र.स. ३ को पदको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको)

३. दरखास्त दिने स्थान: मादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कास्की ।

४. दरखास्त दिने अन्तिम मिति: सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा । साथै दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुल्ने समयमा ।

५. आवेदन फाराम लोकसेवा आयोगको वेबसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिने तथा रोजगार संयोजकको हकमा रोजगार संयोजक पदपूर्ति र सेवा सुविधा सम्बन्धस् मापदण्ड, २०७६ को अनुसूची १ बमोजिमको ढाँचा बमोजिम आवेदन दिनु पर्नेछ ।

६. तलब: गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

७. सम्पर्क मिति: दरखास्त पेश गर्ने अन्तिम दिनको भोलिपल्ट कार्यालय समयमा ।

८. दरखास्त दस्तुर: मेडिकल अधिकृतको लागि रु. १८००/-, रोजगार संयोजकको लागि रु. १५००/- ल्याब असिष्टेन्ट पदको लागि रु.८००/-

९. आवश्यक कागजातहरु:

क) न्यूनत्तम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ग) आधारभूत कम्प्युटर सीप सिकेको प्रमाणपत्रको प्रतिलिपि

घ) काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपि (स्वास्थ्यतर्फको पदको लागि)

४९४६९५-१६९ .ंम्पर्क: गाउँपालिकाको प्रशासन शाखा वा फोन नस .९१

**प्रमुख प्रशासकीय अधिकृत**



पान नं. ६०३८१६६५५ दर्ता नं. ९७६/०७२/७३

"सहकारीमार्फत् आत्मनिर्भरता"

**जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**

**Jayalaxmi Saving & Credit Co-operative Society Ltd.**

प्रधान कार्यालय : पोखरा-११, रानीपौवा, फोन: ०६१-५७५३८२, ५९०३८१

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : १०८०/०५/१९ गते)

उपरोक्त सम्बन्धमा यस जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा-११, कास्कीको सञ्चालक समितिको १३० औं बैठकको निर्णयानुसार संस्थाको आठौं वार्षिक साधारण सभा २०८० असोज ४, ५ र ६ गते नेपाल सरकार सहकारी विभागले जारी गरेको सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका २०७६ संशोधित २०७७ बमोजिम तपशिलमा उल्लेखित कार्यसूची अनुसार छलफल र निर्णय गर्न बस्ने भएको हुँदा तपशिलको एकाइ, मिति, समय र आफूलाई पायक पर्ने स्थानमा उपस्थित हुन सम्पूर्ण शेयर सदस्यहरुलाई विभिन्न माध्यमबाट सूचना सम्प्रेषण भइरहेको छ । कुनै कारणवश पत्र वा सूचना प्राप्त नभएमा यसै सूचनालाई आधार मानी साधारण सभामा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**कार्यसूची तथा छलफल हुने विषय तथा प्रस्तावहरु**

१. गत साधारण सभाको निर्णय पुस्तिका/माइन्युट अनुमोदन गर्ने ।
२. सञ्चालक समिति, लेखा समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
३. संस्थाको वार्षिक कार्यक्रम तथा आगामी कार्यक्रम तथा बजेट प्रस्तुत तथा पारित गर्ने ।
४. आ.व. ०७९/८० को लेखापरीक्षणसहितको आर्थिक प्रतिवेदन प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
५. शेयर लाभांश कोष र संरक्षित पूँजी फिर्ताकोष रकम वितरण गर्ने ।
६. आ.व.०८०/८१ को लागि लेखापरीक्षक नियुक्ति एवं पारिश्रमिक तोक्ने ।
७. लेखा सुपरिवेक्षण समिति पुनर्गठन गर्ने ।
८. बिनियम संशोधन/पुनर्लेखन तथा नीति कार्यविधि संशोधन/तयार गर्ने (सहकारी ऐन नियमावली अनुसार)
९. संस्था एकिकरण, सेवाकेन्द्र विस्तार, कार्यक्षेत्र थप गर्ने ।
१०. घर/जग्गा एवं स्थिर सम्पत्ति खरिद तथा बिक्री सम्बन्धमा ।
११. सञ्चालक समितिका विभिन्न निर्णयहरु अनुमोदन सम्बन्धमा ।
१२. एकाइ प्रतिनिधि छनौट सम्बन्धमा ।
१३. साधारण सभाको निर्णय पुस्तिका/माइन्युट प्रमाणित गर्ने सम्बन्धमा ।
१४. विशेष प्रस्तावहहरु सम्बन्धमा

**साधारण सभा सञ्चालन हुने तालिका**

| मिति | एकाइ | समय | स्थान |
|---|---|---|---|
| २०८०/०६/०४ | (क) प्रधान कार्यालय | बिहान ११: ०० बजे | सितलादेवी पार्टी प्यालेस प्रा.लि., पोखरा-१२, चापापानी मार्ग |
| २०८०/०६/०५ | (ख) लामाचौर, सार्दिखोला सेवाकेन्द्र | बिहान ११: ०० बजे | जित इभेन्टस् एवं पार्टी प्यालेस प्रा.लि., पोखरा-१६, बाटुलेचौर |

**एकाइ प्रतिनिधिहरुको निर्णय प्रमाणित सभा**

| | | |
|---|---|---|
| २०८०/०६/०६ | समय बिहान : ०८ बजे | स्थान : क्लासिक चुलो रेस्ट्रो एण्ड बेङक्यूट (पोखरा ट्रेडमल) |

**साधारण सभासम्बन्धी थप जानकारी**

- साधारण सभामा विशेष प्रस्ताव वा केही सुझाव भएमा मिति २०८०/०५/३१ गते बेलुका ४:०० बजेसम्म कार्यालयमा आई लिखित सुझाव पेश गर्नुपर्नेछ । संस्थाको वार्षिक प्रतिवेदन संस्थाको वेवसाइट www.jayalaxmicoop.com को रिपोर्ट Section मा गई Download गर्न सक्नुहुनेछ ।
- सम्पुर्ण सदस्यहरुले माथि उल्लेखित तालिका अनुसार सम्बन्धित एकाईमा उपस्थित भई उपस्थिति पुस्तिकामा उपस्थित जनाई संस्थाले प्रस्तुत गरेको वार्षिक प्रतिवेदनमा कुनै जिज्ञासा, सल्लाह सुझाव भएमा सोही सभामा पेश गर्नुपर्नेछ ।
- उल्लेखित एकाईबाट चयन भएका प्रतिनिधिहरुले एकाइ प्रतिनिधिहरुको निर्णय प्रमाणित सभामा उपस्थित भै साधारण सभाको निर्णय पुस्तिका/माइन्युट प्रमाणित गर्नेछन् ।
- साधारण सभामा उपस्थित हुँदा संस्थाले प्रदान गरेको सदस्यता परिचयपत्र एवं आफ्नो सदस्यता नम्बर अनिवार्य पेश गर्नुपर्नेछ ।
- सहकारी तालिम, भ्रमण वा अन्य परियोजनाको लागि सदस्यले सदस्यता नम्बरसहित सभा अवधिमा नाम टिपाई दिनुहुन जानकारी गराइन्छ ।
- सभा अगावै संस्थामा सम्पर्क गरी सदस्य पहिचान विवरण (KYM) अद्यावधिक गर्न बाँकी सदस्यहरुले सो अद्यावधिक गर्नुहुन एवं मासिक बचत नगरेका सदस्यहरुले २०७६ पौषबाट मासिक नियमति बचत हुने गरी बचत गर्नुहुन अनुरोध गरिन्छ ।
- सभामा पूरा समय सक्रिय सहभागी रहनुहुने सदस्यलाई खाजाखाना एवं यातायात खर्च प्रदान गरिनेछ ।

। थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ •